# ढोरपाटन नगरपालिका

# स्थानीय राजपत्र

## ढोरपाटन नगरपालिकाद्वारा प्रकाशित

वर्षः ६) ढोरपाटन, फागुन १ गते, २०७९ साल

नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७९ सालको ऐन नं. ८

# मदिरा व्यवस्थापन तथा  नियन्त्रण गर्ने बनेको ऐन,२०७९

**प्रस्तावना:**

सर्वसाधरण जनताको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित कायम राख्नको लागि मदिराको उत्पादन, विक्री वितरण र निकासी पैठारी समेतमा व्यवस्थापन तथा नियन्त्रण गर्न वाञ्छनीय भएकोले यस ढोरपाटन  नगरपालिकाले यो ऐन बनाएको हो।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “मदिरा व्यवस्थापन तथा नियन्त्रण  गर्ने बनेको ऐन, २०७९”  रहेको छ

(२) यो ऐन ढोरपाटन नगरपालिका भर लागू हुनेछ।

(३) स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “मदिरा” भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छयाङ, ह्विस्की रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ।

(ख) “उत्पादन” भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने पकाउनने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइनने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ।

(ग) “अनुमतिपत्र” भन्नाले दफा ६ (क) बमोजिम मदिरा उत्पादन, बिक्री वितरण निकासी वा पैठारी गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ।

(घ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ।

(ङ) “अधिकार प्राप्त अधिकारी भन्नाले” यस नगरपालिकाले अधिकार दिएको प्रमुख प्रशासकीय अधिकृत वा अन्य कुनै अधिकृत सम्झनु पर्छ।

३. **मदिराको उत्पादनमा नियन्त्रणः** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको सर्तबमोजिम बाहेक मदिराको उत्पादन गर्न पाउने छैन।

४. **मदिराको बिक्री वितरणमा नियन्त्रणः** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र तोकिएको सर्तबमोजिम बाहेक मदिरा बिक्री वितरण गर्न वा मदिरा खुवाउने बार, रेष्टुरेण्ट वा पसल सञ्चालन गर्न पाउने छैन ।

(क) मदिराको उत्पादन तथा बिक्री वितरणमा बन्देजः

(१) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्न पाइने छैन ।

(२) अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई मदिराको खरिद तथा बिक्री वितरण गर्न दिइने छैन ।

५. **मदिराको निकासी पैठारीमा नियन्त्रणः** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र तोकिएको सर्तबमोजिम बाहेक मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

६. **अनुमतिपत्रको लागि निवेदन दिनु पर्नेः** मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न चाहनेले अनुमतिपत्र लिनको लागि तोकिएबमोजिमको ढाँचामा तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(क) अनुमतिपत्र दिनु पर्नेः दफा ६ बमोजिम अनुमतिपत्रको लागि कुनै निवेदन पर्न आएमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई अनुमतिपत्र दिन मनासिब देखेमा तोकिएबमोजिमको सर्तको अधीनमा रही मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा नगर कार्यपालिकाको निर्णय बमोजिम अनुमतिपत्र दिनु पर्नेछ । मदिरा उद्योग सञ्चालन अमतिको लागि प्रारम्भिक रुमा वातवरणीय परीक्षण समेत गर्नु पर्नेछ ।

(ख) अनुमतिपत्रको अवधि र नवीकरणः अनुमतिपत्रको अवधि र नवीकरण दस्तुरसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(ग) अनुमतिपत्र रद्द गर्न सक्नेः तोकिएको अधिकारीले दफा ६ (क) बमोजिम दिइएको अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछः-

(क) अनुमतिपत्र नवीकरण नगरेमा,

(ख) अनुमतिपत्रमा तोकिएका सर्त उल्लङ्घन गरेमा,

(ग) दफा ४ (क) विपरीत काम गरेमा ।

७. **लागू नहुने अवस्थाः** यस ऐनका अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि निजी उपयोगको लागि तोकिएको परिमाणमा रक्सी वा जाँड बनाउन यस ऐन अन्तर्गत अनुमतिपत्र लिनु पर्ने छैन ।

८. **खानतलासी, कब्जा वा गिरफ्तार गर्न सक्नेः** (१) कुनै स्थानमा यस ऐनबमोजिम सजाय हुने कसूर भएको छ भन्ने मनासिब माफिकको कारण भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो स्थानको खानतलासी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खानतलासी गर्दा अधिकार प्राप्त अधिकारीले खानतलासी गर्नु पर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई खानतलासी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम खानतलासी गर्दा यस ऐनबमोजिम सजाय हुने कसूर भएको विश्वसनीय कारण देखिएमा त्यस्तो कसूरसँग सम्बन्धित सामान कब्जामा लिन सकिनेछ।

(४) कुनै व्यक्तिले यस ऐनबमोजिम सजाय हुने कसूर गरेको वा गर्न लागेको छ र निजलाई गिरफ्तार नगरेमा निज भागी जाने सम्भावना छ भन्ने लागेमा अधिकार प्राप्त अधिकारीले निजलाई गिरफ्तार गर्न सक्नेछ।

(५) यस दफाबमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा अधिकार प्राप्त अधिकारीलाई प्रचलित कानुन बमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ।

(६) अधिकारप्राप्त अधिकारीले यस दफाबमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा स्थानीय प्रतिनिधिको रोहबरमा गर्नु पर्नेछ।

(७) अधिकार प्राप्त अधिकारीले यस दफाबमोजिम खानतलासी, कब्जा वा गिरफ्तार गर्दा अपनाउनु पर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. **गिरफ्तारी र कब्जाको प्रतिवेदन दिनु पर्नेः** यस ऐन अन्तर्गत कसैलाई गिरफ्तार गरेको वा कुनै स्थानमा खानतलासी गरेको वा कुनै सामान कब्जा गरेकोमा अधिकारप्राप्त अधिकारीले सो कुराको प्रतिवेदन चौबीस घण्टाभित्र छिटो साधनद्वारा आफूभन्दा एक तह माथिको अधिकारी समक्ष पठाउनु पर्नेछ।

१०. **स्थानीय सरकारलाई तिर्न पर्ने रकम सरकारी बाँकी सरह असूल गर्नेः** यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्तिले स्थानीय सरकारलाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट अधिकारप्राप्त अधिकारीले सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

११. **दण्ड सजायः** (१) यस ऐन विपरीत काम गर्ने व्यक्तिलाई पच्चिस हजार रुपियाँ देखि पचास हजार रुपियाँ सम्म  जरिबाना हुनेछ।

(२) यस ऐन विपरीतको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने व्यक्तिलाई दश हजार देखि पच्चिस हजार रुपियाँसम्म जरिबाना हुनेछ।

**१२. मदिरा तथा अन्य सामानको जफत र बिक्रीः** (१) कुनै व्यक्तिले यस ऐन विपरीत मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा अधिकार प्राप्त अधिकारीले जफत गर्नेछ।

(२) उपदफा (१) बमोजिम जफत गरिएको मदिरामध्ये गुणस्तरयुक्त मदिरा अधिकार प्राप्त अधिकारीले तोकिएबमोजिम लिलाम बिक्री गर्नु पर्नेछ।

(३) यस ऐन विपरीत मदिराको कारोबार गर्न प्रयोग गरिएका सबै सामानहरू अधिकार प्राप्त अधिकारीले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ। तर सवारी साधनको हकमा सवारी धनीको मञ्जुरी बिना प्रयोग भएको हो भन्नेमा अधिकार प्राप्त अधिकारी विश्वस्त भएमा त्यस्तो सवारी साधन जफत नगरी सवारी धनीलाई सचेत गराउने छ।

**१२. सहयोग गर्नु पर्नेः** यस ऐन अन्तर्गत सजाय हुने कसुरको तहकिकातको सिलसिलामा अधिकारप्राप्त अधिकारी वा निजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

**१३. पुरस्कारः** (१) कसैले यस ऐन विपरीत मदिरा उत्पादन, सञ्चय, बिक्री वितरण, ओसार पसार, निकासी वा पैठारी गर्न लागेमा वा गरेमा त्यसको सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा देहाय बमोजिमको रकम पुरस्कार स्वरूप दिइनेछः-

(क) सुराक दिने व्यक्तिलाई बिगोको पन्ध्र प्रतिशत,

(ख) मदिरा वा मानिस पक्री पेश गर्ने व्यक्तिलाई बिगोको बीस प्रतिशत,

(ग) मदिरा र मानिस दुवै पक्री पेश गर्ने व्यक्तिलाई बिगोको तीस प्रतिशत।

(२) उपदफा (१) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सोसँग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई बिगो मानिनेछ।

(३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा स्थानीय सरकारले त्यस्तो सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहर्याएको रकम पुरस्कार स्वरूप दिन सक्नेछ।

(४) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एक जनाभन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ।

**१४. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न स्थानीय सरकारले नियमहरू बनाउन सक्नेछ।

**१५. बचाउः** यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रचलित कानुन बमोजिम भट्टी वा डिष्टीलरीबाट मदिरा उत्पादन गर्ने ठेक्का वा अनुमति प्राप्त गरेकोलाई यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

**१६. यसै ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ।

प्रमाणीकरण मितिः २०७९।०९।२८

आज्ञाले,
विष्णु प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत